म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ६५ बिहीबार १७ असोज २०८१ ने. सं. ११४४ कौलाथ्व 3 October 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## डेंगी नियन्त्रणका उपाय

- लामखुट्टेको वृद्धि विकास रोक्न लामखुट्टेले फुल पार्न सक्ने ठाउँ पत्ता लगाई नष्ट गर्ने तथा गमला, टायर वा कुनैपनि खुला भाँडामा पानी जम्न नदिने ।
- लामखुट्टेको टोकाईबाट बच्ने उपायहरू अपनाउने ।
- डेंगीका लक्षण देखिए तत्काल स्वास्थ्यकर्मीसँग सल्लाह गरी उपचार गराउने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बागमती सरकारले न्यूनतम साझा कार्यक्रमको प्रस्तावनामै ढाँट्यो

साझाकुरा संवाददाता

हेटौंडा, १६ असोज/ बागमती प्रदेश सरकारले सार्वजनिक गरेको न्यूनतम साझा कार्यक्रम दलको की सरकारको ? भन्नेमै अन्यौलता देखिएको छ ।

कार्यक्रमका 'कपिपेष्ट' बुँदा हेर्दा लघुकथा लेखे झैं लाग्ने न्यूनतम साझा कार्यक्रम चर्चाकै लागि सार्वजनिक गरिएको देखिएको छ । ६ असोज २०८० मा बागमती प्रदेशसभा भवनस्थित कांग्रेस संसदीय दलको सभाहलमा न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरिएको थियो । प्रदेश सरकार गठन भएको झन्डै दुई महिनापछि ल्याइएको न्यूनतम साझा कार्यक्रममा मुख्यमन्त्री बहादुर सिं लामा, सतारुढ दल नेकपा एमाले संसदीय दलका नेता तथा पूर्वमन्त्री जगन्नाथ थपलियाको हस्ताक्षर छ ।

विपक्षी दल राप्रपा पनि अप्रत्यासित रुपमा न्यूनतम साझा कार्यक्रमको समर्थन जनाउँदै कार्यक्रममा सहभागी थियो । सरकारले न्यूनतम साझा कार्यक्रमको प्रस्तावनामै ढाँटेको खुलासा भएको छ । ६७ बुँदे न्यूनतम साझा कार्यक्रमको प्रस्तावनाको अन्तिममा 'नेपाली कांग्रेस र नेकपा (एमाले) बीच भएको सहमति बमोजिम मन्त्रिपरिषद्को भाद्र २६ गते बसेको बैठले पारित गरी देहाय बमोजिमका नीतिगत प्राथमिकता र न्यूनतम साझा कार्यक्रम सार्वजनिक गर्दछौं ।' उल्लेख गरिएको छ ।

तर, सरकारले प्रस्तावनामा भनेअनुसार २६ भदौको मन्त्रिपरिषद् बैठकले न्यूनतम साझा कार्यक्रम पारित नै नगरेको पाइएको छ । सोही दिन बसेको मन्त्रिपरिषद्



बैठकमा न्यूनतम साझा कार्यक्रमबारे मौखिक छलफल भए पनि निर्णय भने नभएको सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए । 'कांग्रेस र एमालेबीच सहमति भएर सार्वजनिक गरिएको हो । क्याबिनेटमा मौखिक सहमति भएको हो, क्याबिनेटबाट त्यसरी प्रस्ताव पारित भने भएको छैन' उनले भने ।

सरकारले झुट बोलिरहेको छ हो ? भन्ने प्रश्नमा मन्त्री लामिछानेले भने, 'त्यो बेलामा प्रमुखसचिव हुनुहुन्थ्यो । सायद त्यही भएर होला । आजै (बुधवार) त्यो प्रस्ताव आउनुपर्थ्यो । खोई अब यो हतारले हो वा के हो ? त्यो म बुझेर खबर गर्छु' मन्त्री लामिछानेले अगाडि भने, 'क्याबिनेटबाट निर्णय भएको भए त, मैले तपाईहरुलाई जानकारी गराईहाल्थे नि ।' सरकारको यो कदमले पछिल्लो गठबन्धनमा 'धमिरा' लाग्न थालेको बताइएको छ ।

सरकारको मार्गचित्रको रुपमा लिइने न्यूनतम साझा कार्यक्रमलाई सरकारले नै 'मजाक' बनाएको हो । मन्त्रिपरिषद्बाट निर्णय नै नभएको कार्यक्रमलाई निर्णय भएको बताउने सरकारले सार्वजनिक गरेको १० दिनसम्म पनि मन्त्रिपरिषद्बाट अनुमोदनसमेत गरेको छैन । मन्त्री लामिछोनले बुधवार बिहान हेटौंडा बसेको मन्त्रिपरिषद् बैठकबाट पनि यसको अनुमोदन नभएको बताए ।

सरकारको हचुवा गतिप्रति विपक्षी दलका मात्र हैन सत्तापक्षकै सांसदको पनि असन्तुष्टि छ । न्यूनतम साझा कार्यक्रम ल्याउँदा छलफल नगरेको भन्दै कांग्रेसका सांसदहरु सार्वजनिक गरिएकै दिन संसदीय दलको कार्यालयबाट असन्तुष्ट जनाएर बाहिरिएका थिए । दलका उपनेता रामकृष्ण चित्रकारसँग सांसदहरुको 'नोकझोक' नै परेको संसदीय दल स्रोत बताउँछ । न्यूनतम साझा कार्यक्रम ल्याउँदा आफ्नै दलका सांसदलाई चित्त बुझाउन नसकेका दलका नेतासमेत रहेका मुख्यमन्त्री लामाको कार्यशैलीलाई लिएर पार्टीभित्र र बाहिर चर्को आलोचना भइरहेको छ ।

'न निर्णय छ, न अनुमोदन गरेको छ । यसलाई सरकारले यति हल्कासँग लियो की समाचारमा अनुहार देखाउनका लागि चर्चा पाउन मात्रै निकालिएको एउटा कागजी प्रक्रिया जस्तै हो ।' सत्तापक्षकै एक सांसदले भने । आफ्नै न्यूनतम साझा कार्यक्रमप्रति अनुदार सरकारले नागरिकको अपेक्षा, चाहनाअनुसारको सेवाप्रवाह र विकास निर्माणको काम गर्छ भन्नेमा सुरुवाती बिन्दुबाटै उब्जिएको शंकालाई यसले पुष्टि गरेको विपक्षी दलका सांसदहरु पनि बताउँछन् । 'यो सरकार माकुराको जालोमा अड्किए जसरी अड्किएको विपक्षी सांसदहरुको भनाई छ ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र बागमती प्रदेशका मुख्यसचेतक रत्नप्रसाद ढकालले मन्त्रिपरिषद्बाट पारित वा अनुमोदन नभएसम्म न्यूनतम साझा कार्यक्रम सरकारको मान्न नसकिने बताउँछन् । सरकारमा रहेका दलहरुबीच असमझदारीले मन्त्रिपरिषद्बाट पास हुन नसकेको उनको आशंका थियो । न्यूनतम साझा कार्यक्रमको अपनत्व लिनबाट पन्छिने सरकारको गतिविधि प्रतिपक्षी दलले नजिकबाट नियालिरहेको ढकालले बताए । सरकार नै आफ्नो कार्यक्रमप्रति जिम्मेवार नहुनु राम्रो नभएको उनी बताउँछन् ।

सरकारले न्यूनतम साझा कार्यक्रममा संविधान संशोधनका लागि संघीय सरकारलाई सहयोग गर्ने, योजना बैंक स्थापना गर्ने, सार्वजनिक विद्यालय गाभ्ने कार्यक्रमलाई प्रभावकारी बनाइने, ३ वर्ष मुनिका बालबालिका र ७५ वर्षमाथिका ज्येष्ठ नागरिकलाई नि:शुल्क स्वास्थ्य उपचार गर्ने नीति लिइने लगायत विषय समेटेको थियो । प्रदेश सरकार, संघीय सरकारप्रति परनिर्भर नभई आत्मनिर्भर र स्वायत्तरुपमा कार्य गर्न अत्यावश्यक कानूनहरु निर्माण गर्ने, योजना तर्जुमा, प्रदेशको बोझिलो संरचनाहरुको अडिट गरी चुस्त र व्यवस्थित बनाउने योजना सरकारले कार्यक्रममार्फत सार्वजनिक गरेको थियो । तर, यसको कार्यान्वयनमा शंका पैदा भएको छ ।

## सिस्नेरीबाट पाँच दिनदेखि अलपत्र दुई गर्भवतीको हेलिकप्टरबाट उद्दार

साझाकुरा संवाददाता

हेटौंडा, १६ असोज/ मकवानपुरको उत्तरीक्षेत्रस्थित बाढी प्रभावित क्षेत्र सिस्नेरीबाट विगत पाँच दिनदेखि अलपत्र अवस्थामा बस्न बाध्य दुईजना गर्भवतीको हेलिकप्टरबाट उद्दार गरिएको छ ।



सिस्नेरी स्वास्थ्यचौकीमा प्रसुतिका लागि पाँच दिन अगाडि नै पुगेका इन्द्रसरोवर-३ दापाङ घर भएकी सुकिमाया वाइवा र इन्द्रसरोवर-३ सानुटार बस्ने सुशीला घिसिङलाई प्रसुति गराउन नसकिएपछि हेलिकप्टर मार्फत् काठमाडौं पठाइएको ईन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीले बताए ।

सुत्केरी हुन स्वास्थ्यचौकी आएका दुईजना गर्भवती कुलेखानीखोलामा आएको बाढीका कारण थप उपचारका लागि काठमाडौं वा हेटौंडाको अस्पताल जान सकेका थिएनन् । बाढीले सिस्नेरीलगायतका थुप्रै स्थानमा सडक कटान गर्नुका साथै पहिरोले अवरुद्ध बनाएपछि उनीहरुलाई समयमै अस्पताल लैजान नसकिएको स्थानीय जनप्रतिनिधिले जानकारी दिएका छन् ।

बुधबार बिहान नेपाली सेनाको हेलिकप्टरबाट ललितपुर स्थित पाटन अस्पतालका लागि गर्भवतीलाई पठाइएको गाउँपालिका अध्यक्ष पुडासैनीले जानकारी दिए । 'उहाँहरुमध्ये एकजना पाँच दिन अगाडि र अर्का एकजना ४ दिन अगाडि स्वास्थ्यचौकीमा आउनुभएको रहेछ । सुत्केरी हुने समय नाघिसकेको तर, सुत्केरी हुन नसकेपछि थप घट्ना नहोस भनेर तत्कालै हेलिकप्टरबाट उद्दार गरेका हौं,' अध्यक्ष पुडासैनीले भने ।

उनले रक्षा मन्त्रालय मार्फत हेलिकप्टरबाट उद्दार गर्न तीन दिन अघिदेखि नै प्रयास गरिरहे पनि आज सफल भएको बताए । 'पहिला रक्षा मन्त्रालयमार्फत् उद्दारक प्रयास गरेका थियौं । गाउँपालिकाले मंगलबार जिल्ला प्रशासन कार्यालय मकवानपुरमा लिखित अनुरोध गरेपछि सेनाको हेलिकप्टरबाट उद्दार भएको छ,' उनले भने । वर्षाका कारण इन्द्रसरोवर गाउँपालिका जोड्ने सबै सडकमार्ग अवरुद्ध रहेको छ ।

वर्षाले कुलेखानी जलविद्युत केन्द्र भरिएपछि गत शनिबार बिहान जलाशयको दुईवटा ढोका खोलेर पानी छोड्दा कुलेखानी खोलामा आएको बाढीले सिस्नेरी सडक सञ्जालको सम्पर्कबाट टुटेको छ । सडक नै खोलाले बगाएपछि गर्भवतीलाई थप उपचारका लागि सडक सञ्जालबाट अस्पताल लान सकिएको थिएन ।

इन्द्रसरोवर गाउँपालिका-३ सिस्नेरीस्थित बत्सलादेवी माविको एन्फा एकेडेमीमा फुटबल सिक्दै आएका ६ जना बालकको शनिबार बिहान पहिरोमा पुरिएर मृत्यु भएको थियो । पहिरोमा पुरिएर मृत्यु भएका छ बालकको शवसहित त्यहाँ अध्ययनरत ३४ जना विद्यार्थीलाई शनिबार साँझ सेनाको हेलिकप्टरबाट उद्दार गरिएको थियो ।

## गढीमा खोलाले बगाएर ६४ वर्षीया परियारको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १६ असोज/ मकवानपुरगढी गाउँपालिका-५, सिमलटारस्थित ज्यामिरे खोलामा लुगाधुने क्रममा खोलाले बगाएर ६४ वर्षीया गोमा परियारको मृत्यु भएको छ ।

वडा नम्बर ५ का अध्यक्ष दीपेश दाहालले दिएको जानकारी अनुसार परियारको लुगाधुने क्रममा खोलाले बगाएर मृत्यु भएको हो । ६४ बर्षीया परियारलाई लामो समयदेखि क्षयरोग रहेको परिवारका सदस्यलाई उदृत गर्दै वडाध्यक्ष दाहालले बताए । परियारको शव ज्यामिरे र सामरीखोला दोभानमा भेटिएको अध्यक्ष दाहालले जानकारी दिए । स्थानीय प्रहरीचौकीले घटनाको बारेमा थप अनुसन्धान सुरु गरेको छ ।

## आकर्षक जग्गा बिक्रीमा

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. ९८४५४६१०३४

## एलिसा हत्याका आरोपित खान थुनामा




साझाकुरा संवाददाता

हेटौंडा, १६ असोज/ मकवानपुर जिल्ला अदालतले हेटौंडा उपमहानगरपालिका-१० बसपार्कस्थित होटलको कोठामा युवतीको हत्याका आरोपित एक युवकलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश गरेको छ ।

अदालतले हत्या आरोपित युवकलाई भगाउन भूमिका खेलेको अभियोग लागेका तीन जनालाई जनही ५० हजार रुपैयाँ धरौटी लिई तारेखमा छाड्न आदेश गरेको छ । जिल्ला न्यायधीश अवनी मैनाली भट्टराईको इजलासले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको हो । हेटौंडा उपमहानगरपालिका–११ सरस्वतीकी २३ वर्षीया एलिसा न्यौपानेको होटेलको कोठामा हत्या गरेको आरोपमा हेटौंडा उपमहानगर पालिका-४ का ३२ वर्षीय समिर खान भन्ने चाँद खाँ पठानलाई प्रहरीले पक्राउ गरेको थियो ।

९ भदौ अपरान्ह ४ बजेतिर समिर खानसहित न्यौपाने होटेलमा कोठा लिएर बसेका थिए । समिर बेलुका ८ बजे नै कोठाको ढोकाको भित्रबाट चुकुल लगाएर झ्यालबाट हामफालेर भागेका थिए । खानले युवतीलाई २ वटा बियरको बोतलसहित धारिलो हतियारले हिर्काएर हत्या गरेर भागेको प्रहरीले जनाएको छ । भोलिपल्ट बिहान होटेलको कोठा नखोलेपछि होटेलवालाले प्रहरी र वडाध्यक्ष डाकेर कोठा खोल्दा युवती मृतअवस्थामा भेटिएकी थिइन् ।

हत्यापछि भारत भागेका खानलाई प्रहरीले पक्राउ गरी अनुसन्धान अघि बढाएको थियो । मृतक एलिसा र आरोपित खाना श्रीमान-श्रीमतीका रुपमा बस्दै आएका थिए । खानको भने एलिसासँग सम्बन्ध हुनु अगावै विवाह भइसकेको थियो । वैदेशिक रोजगारीका लागि दुबई पुगेकी एलिसालाई खानले नै नेपाल आउन दबाब दिएको मृतकको परिवारले बताएका छन् । वैदेशिक रोजगारीबाट फर्किएर काठमाडौंमा बस्दै आएकी एलिसा हेटौंडा आएकै दिन होटलमा हत्या भएको थियो ।

## रातोमाटेबाट लागूऔषधसहित युवक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १६ असोज/ हेटौंडा उपमहानगरपालिका-१५, रातोमाटेस्थित पूर्व-पश्चिम सडक खण्डबाट लागूऔषध ओसारपसार गरेको आरोपमा एक युवक पक्राउ परेका छन् ।



पक्राउ पर्नेमा मकवानपुरको राक्सिराङ गाँउपालिका वडा नं. ८ बस्ने वर्ष ३४ को शंकर तितुङ रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरीनिरीक्षक ठाकुर प्रसाद सापकोटाले जानकारी दिएका छन् । प्रहरीनिरीक्षक सापकोटाका अनुसार, उनलाई मंगलबार प्रहरीचौकी रातोमाटे मकवानपुरबाट खटिएको प्रहरीटोलीले पक्राउ गरेको हो ।

वीरगंजबाट हेटौंडातर्फ आउँदै गरेको ना ५ ख ८१८१ नम्वरको यात्रुबाहक बस रोकी चेकजाँच गर्ने क्रममा बसमा सवार तितुङको साथबाट लाऔषध ओनरेक्स १०० एम.एल.को १५ बोतल बरामद भएपछि निजलाई पक्राउ गरिएको हो । पक्राउ परेका उनलाई जिल्ला अदालत मकवानपुरमा उपस्थित गराई लागूऔषध कसुर मुद्दामा १५ दिनको म्याद थप अनुमती लिई कानूनी प्रक्रिया अगाडि बढाइएको छ ।

## सूचना ! सूचना !! सूचना !!!

अब किन जानु पर्‍यो विदेश ?

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्



७०% बैंकिङ सुविधा

हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

Singhabahini Moto Corp Pvt. Ltd.

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल सम्पर्क नं.: ०५७-५९०२३३

साझाकुरा

## हाम्रो कुरा

# राजमार्गको पहिरो र राष्ट्रिय चाड

बाढीपहिरो पछि संचालनमा ल्याइएका सडक पनि क्षतिग्रस्त अवस्थामा जोखिमपूर्ण रुपमा यात्रा गर्नुपर्ने अवस्था छ । मुलुकको राजधानी काठमाडौंमा ब्यापार, ब्यवसाय, जागिरको सिलसिलामा बसोबास गर्नेहरु मुख्य चाडपर्वको समयमा काठमाडौं बाहिर जान ठूलो समस्या भएको छ । आफ्नै सवारीसाधन हुनेहरुलाई पनि सडकको समस्याका कारण उपत्यकाबाट बाहिरिन समस्या सृजना भएको हो । दसैंको समयमा पनि पानी परिरहने सम्भावना देखिएको र बाढीले क्षतिग्रस्त र चिप्ला सडकमा गाडी चलाउन उनीहरुले हिम्मत गरिरहेका छैनन् । दसैंको ब्यापारका लागि काठमाडौं सामान लिन जान नसकेर हेटौंडाका ब्यवसायी चिन्तित छन् । वर्षासँगै पहिरो खसेर अवरुद्ध भएको हेटौंडा-काठमाडौं जोड्ने सडकमध्ये मकवानपुरको हेटौंडा-काठमाडौं र हेटौंडा-धरान चतरा जोड्ने दुईवटा सडक सञ्चालनमा आएको छ भने ५ वटा सडक अझै अवरुद्ध छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार सडकबाट पहिरो पन्छाएर त्रिभुवन राजपथ सडकअन्तर्गत हेटौंडा-भैंसे-पालुङ-चित्लाङ-चन्द्रागिरी-काठमाडौं जाने सडक सञ्चालनमा आएको छ । बाढीपहिरोले अबरुद्ध भएका राष्ट्रिय राजमार्ग, प्रादेशिक सडक तथा स्थानीय सडकहरु खुलाउन पालिका जनप्रतिनिधि, बागमती प्रदेश सरकारका सचिवदेखि मन्त्रीसम्म आफैँ खटिएका छन् । हेटौंडा र काठमाडौंबीच सडक सम्पर्क जोड्न बागमती प्रदेश सरकारले मन्त्रीको नेतृत्वमा सडक मर्मत गर्ने काम थालेको हो । प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री अमनकुमार मास्के सहितको टोली सडक सञ्चालनका लागि खटिएको छ । जतिसक्दो छिटो सडक खुलाउने उद्देश्यले तीन स्थानबाट पहिरो पन्छाउने तथा सडक मर्मतको काम थालिएको मन्त्री मास्केले बताएका छन् । काठमाडौं, हेटौंडा र हुमानेबाट सडक खुलाउने काम अघि बढाएको र ती ठाउँमा अहिले मेसिन लगाएर काम भइरहेको छ । वर्षा रोकिए पनि ठाउँठाउँमा अझै पहिरो गइरहेकाले समस्या भएको छ । हेटौंडा-काठमाडौं सडक सम्पर्क स्थापित गराउने कुरालाई मुख्य प्राथमिकतामा राखेर काम भइरहेको बताए । हेटौंडा-काठमाडौं जोड्ने सबै सडक बन्द रहेकाले तत्काल कुलेखानी-फाखेल-फर्पिङ सडक सञ्चालन गर्ने गरी काम अघि बढाइएको छ । फर्पिङ-हुमाने खण्डमा ग्राभेल थुप्रिएको र त्यसलाई हटाएर सडक सञ्चालन गरी नागरिकको यात्रा सहज गर्न प्रदेश सरकार प्रयत्नरत रहेको छ । हेटौंडा हुँदै भैंसेमा खसेको दुईवटा पहिरो पन्छाएर भीमफेदीसम्म पुगेको छ ।

भीमफेदीबाट कुलेखानीतर्फको सडकको पहिरो गत शनिबार नै प्रहरीले पन्छाएको र यो सडक खण्डमा खासै समस्या नरहेकाले कुलेखानीसम्म सडक खुलाउने मन्त्रालयको योजना रहेको बताइएको छ । कुलेखानीबाट हुमानेसम्मको खण्डमा भने केही पहिरो रहेकाले बुधबारसम्ममा सडक खुलाउने लक्ष्य रहेको छ । फाखेलतर्फको बाटो खुलाउन हुमानेबाट कुलेखानी खण्डमा अर्को टोली परिचालन गरिएको छ । एकातिर पहिरो पन्छाउने र अर्कोतिर त्यही सडकमा पुन: सुख्खा पहिरो आउने क्रम जारी रहेकाले काम गर्न समस्या भइरहेको बताइएको छ । बाढीपहिरोका कारण मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको सिस्नेरीमा पहिरो गएर ठूलो क्षति भएको र त्यहाँका पीडितलाई राहत पुऱ्याउन र सिस्नेरीमा अलपत्र परेका सवारी साधनलाई गन्तव्यतर्फ पठाउन काठमाडौं-दक्षिणकाली-सिस्नेरी सडकमा पहिरो पन्छाउने काम भइरहेको जानकारी दिइएको छ । काठमाडौंदेखि दक्षिणकालीसम्म र दक्षिणकालीदेखि सिस्नेरीसम्म दुई टोली परिचालन गरी बाटो खुलाउने प्रयास भइरहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असोज १८ गते शुक्रबार ४ अक्टोबर २०२४ । द्वितीया, आश्विन शुक्लपक्ष । कौलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:५८, सूर्यास्त ५:४५ । विश्व प्राणी दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : दाम्पत्य जीवन सुखद बन्नेछ | **तुला** | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ |
| **वृष** | : आम्दानी राम्रो हुनेछ | **वृश्चिक** | : यात्रामा खर्च बढ्नेछ |
| **मिथुन** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | **धनु** | : मौकाको फाइदा लिन सकिनेछ |
| **कर्कट** | : प्रेमको बन्धन कसिन सक्नेछ | **मकर** | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ |
| **सिंह** | : चुनौतीहरु देखा पर्न सक्नेछ | **कुम्भ** | : मुद्दा-मामिलामा विजयी भइनेछ |
| **कन्या** | : व्यवसायमा सामान्य फाइदा हुनेछ | **मीन** | : लगनशीलताले उपलब्धि दिलाउनेछ |

# धुलो टक्टक्याएर उठ्नुपर्छ माओवादी



✍ विशाल खड्का

गएको जुलाई १४ अर्थात् असार २८ गते समग्र देश मध्य बर्खाको कृषि कर्ममा व्यस्त रहेको समय मुलुकको राजनीतिले नयाँ मोड लियो । प्रतिनिधिसभामा कायम रहेका मुख्य कम्युनिष्ट दलहरूले आगामी कार्यपालिकाको नेतृत्व नेकपा (माओवादी केन्द्र) ले गर्ने सहमतिसँगै शुरु भएको नयाँ संसद्को राजनीतिले राष्ट्रपतिको निर्वाचन, उपनिर्वाचन हुँदै विविध घुम्तीहरू छिचोलिसकेको थियो । तर, सरकारले १८ महिना पूरा गर्दा नगर्दै प्रमुख दुई दलबीचको नयाँ र अपर्झट जस्तो प्रतीत हुने सहमतिसँगै आफ्नो कार्यकाल बिट मार्नु पऱ्यो ।

प्रधानमन्त्रीबाट प्रचण्डको बहिर्गमनसँगै राजधानीमा एउटा तप्काबाट माओवादी आन्दोलनको ओरालो यात्रा, प्रचण्डको राजनीतिको आखिरी पल घोषणा गर्ने तथा माओवादी राजनीतिमाथि अबिच्युअरी लेख्ने लहर चलेको देखियो । मुलुक १९ दिने जनआन्दोलन हुँदै गणतन्त्रमा आइपुग्यो । नेपालको इतिहासमा माओवादीको 'राजनीतिक स्पेस' त्यही हो । इतिहासका निर्माता शक्तिहरू आफैं इतिहासलाई पथ विचलनबाट रोक्न सडकमा आए । आफ्नो अन्तिम र सर्वाधिक आशा गरिएको कार्यकालको असामयिक विघटनको चोटमा शुभेच्छुक/कार्यकर्ता पङ्क्ति र आम जनतामा पनि स्वाभाविक प्रश्नहरू उठ्न थाले । के नेपालको राजनीतिको धारलाई नै फेर्ने तागत राख्ने माओवादी आन्दोलन अब विघटनको अध्यायमा पुगेको हो ? के माओवादी अब उठ्न सक्दैन ? प्रस्तुत आलेख माओवादी आन्दोलन, पार्टी र यसको नेतृत्वबारे उत्पन्न केही स्वाभाविक, सामयिक र केही कृत्रिम सवालहरूको जवाफ खोज्ने प्रयास हो ।

### नेपाली राजनीतिमा माओवादीको "स्पेस"

बहसको थालनी माओवादी उभिएको धरातलबाट गर्नु प्रासंगिक हुनसक्छ । भौतिक/सामाजिक वा राजनीतिक जुनसुकै वस्तुको पनि सान्दर्भिकता त्यसको वस्तुगत परिस्थिति र आवश्यकतामा भरपर्छ । विश्व अर्थ-राजनीतिक भूगोलको किनारामा रहेको नेपाल सन् १८१६ को सुगौली सन्धि पश्चात् लामो समयसम्म काठमाडौं दरबार र ब्रिटिश भारतको दोहोरो चपेटामा पिल्सिएर रह्यो । उत्पादन सम्बन्ध र उत्पादक शक्तिको विकासमा भएको दोहोरो अवरोधका बावजुद नेपाली समाजमा समकालीन विश्वको पदचापसँग तादात्म्यताको आकांक्षा धेरै मजबुत थियो । शताब्दीयौंसम्म कुरीति, पिछडिएको उत्पादन प्रणाली, केन्द्रीकृत र एकात्मक स्वरूपको उत्पादन सम्बन्धको जालोलाई तोड्ने साना-ठूला धेरै प्रयासहरू समय-समयमा भइरहेका थिए । २००७ सालको सशस्त्र संघर्ष, २०४६ को जनआन्दोलनको रूपमा नेपाली जनताका प्रतिरोधका अभिव्यक्तिहरू पटक-पटक प्रस्तुत भइरहेका थिए जसले मुलुकको चीत्कारलाई राजनीतिक शक्तिमा फेरेर ठूला धक्काहरू सिर्जना गरेका थिए ।

विडम्बना नै भन्नुपर्छ समाजको आमूल रूपान्तरणको अपेक्षा वास्तविक जीवनमा अनुवाद हुनसकेन । फलत: मुलुक उस्तै उकुसमुकुसको निरन्तरतामा रहन पुग्यो । राजतन्त्र, राजा संरक्षित सेनाको आडमा संसदीय दलहरूलाई सीमित मात्रामा दिएको अधिकारले जनताका अपेक्षा पूरा गर्ने छाँट देखिएन । नेपाली राजनीतिमा कायम रहेको 'संस्थापन'को नियन्त्रण, मनोमानी र चलखेल प्रत्यक्ष रूपमा सक्रिय नै रह्यो । नेपाली राजनीतिमा आधारभूत हेरफेरको अधुरो सपना बोकेर नेपालका गाउँबस्तीले एक पटक फेरि सशस्त्र संघर्षको बिगुल फुके । यो हतियारबद्ध संघर्ष नेपालको इतिहासमा पहिलो थिएन । नेपाली कांग्रेसले आफ्नो राजनीतिक जीवनमा चार पटक, कम्युनिष्ट पार्टी र यसका घटकहरूले ६ पटकभन्दा धेरै तथा अन्य राजनीतिक शक्तिहरूले तीन पटक नेपालमा सशस्त्र संघर्षको घोषणा गरेका थिए । यी सबैभन्दा फरक माओवादीको घोषणा मुलुकलाई एकात्मक/केन्द्रीकृत राजतन्त्रात्मक व्यवस्थाबाट सहभागितामूलक जनताको गणतन्त्र निर्माणमा पुगेर मात्रै विश्राम गर्ने संकल्पबाट निर्देशित थियो । राष्ट्र निर्माणको दौरान किनारामा पारिएका, उत्पादनको सम्बन्ध विकासमा पिंधमा धकेलिएका तथा परिवारको संरचनामा कैदी जस्तै बनाइएका वर्ग, क्षेत्र, लिङ्ग र समुदायले आफू विरुद्ध सोझिने बन्दुकको विरुद्ध सचेत बलिदानको लागि तयार हुँदै उठेको यो पहिलो घटना थियो ।

इतिहास लेखनको कर्मकाण्डी निरन्तरतामा तत्कालको लागि ओझेल परे जस्तो भान भए पनि माओवादी आन्दोलनले सबै कीर्तिमानहरू खडा गरेर आफूलाई मानव जातिको सचेत पहलकदमीको रूपमा प्रमाणित गरिसकेको छ । खेल जगतमा नयाँ धावकले पुराना कीर्तिमानको खोजी र सम्मान गरे जस्तै नेपालका सबै न्यायपूर्ण आन्दोलनहरूले जनयुद्धको त्यागलाई हरेक युगमा खोजेर सम्मान पक्कै गर्नेछन् । निर्णायक आमनेसामने भएका राजनीतिक तागतहरू २०५९ असोज १८ हुँदै २०६१ माघ १९ सम्म आइपुग्दा प्रत्यक्ष लडाइँमा आइपुगे । एकापट्टि नेपालको २४० वर्षे राजतन्त्र र त्यसको नेतृत्वमा रहेको राजनीतिक शक्ति र अर्कोपट्टि ४० प्रतिशतभन्दा धेरै महिला सहभागी भएको उत्पीडित समुदायको प्रचुर सहभागितामा बनेको जनमुक्ति सेनाको अगुवाइ गरिरहेको माओवादी पार्टी । जर्मन दार्शनिक हेगेलले आफ्नो बहुचर्चित व्याख्यान 'इतिहासको दर्शन'मा भने जस्तै इतिहासका धाराहरू जीवन्त रूपमा एकअर्का विरुद्ध उभिन आइपुगे । संसद्वादी राजनीतिक दलहरू र माओवादी मुलुकलाई नयाँ बाटोमा हिंडाउने सहमतिमा पुगे र इतिहासको नियम अनुसार पुरानोलाई नयाँले विस्थापित गऱ्यो ।

मुलुक १९ दिने जनआन्दोलन हुँदै गणतन्त्रमा आइपुग्यो । नेपालको इतिहासमा माओवादीको 'राजनीतिक स्पेस' त्यही हो । इतिहासका निर्माता शक्तिहरू आफैं इतिहासलाई पथ विचलनबाट रोक्न सडकमा आए । इतिहास विधाको कुनै हेरोडोटसले नेपालको राजनीतिको पदचाप वर्णन गर्न चाह्यो भने महाभारतका लेक्हरूमा फौजी कपडामा '३-०-३' बन्दुक बोकेर मैलो फौजी पोशाकमा हिंडिरहेका उज्यालो अनुहारका दलित महिलाका तस्वीर वा बालाजु/कलंकीमा कर्फ्यू अवधिमा सडकभर छोडिएका हात्तीछाप चप्पल वा गोल्डस्टार जुत्ताका असरल्ल तस्वीरहरू मार्फत अधिक सहजता साथ वर्णन गर्न सक्छ होला । इतिहासको पदचाप सुन्न सक्ने जो-कोहीले माओवादीको त्यागको कथा र प्राप्त उपलब्धिलाई अनदेखा गर्न किमार्थ सक्दैन । जुन पदावलीहरू प्रयोग गरेर माओवादीको अबिच्युअरी लेखियो, आलोचना, स्वतन्त्रता र उदात्तता त्यही पदावलीलाई पछिल्लो दुई दशकमा माओवादी आफैंले 'मूलधारको' राजनीतिक डिस्कोर्समा स्थापना गर्न योगदान गरेको छ । यसर्थमा यी आलोचनाहरू माओवादीको मृत्युका गीत होइनन बरु माओवादीको जीवनका प्रमाण हुन् । नेपालको इतिहासमा बहुसंख्यक किनारीकृत मान्छेहरूको आवाजलाई राजनीतिक बहसको केन्द्रमा जबर्जस्त ल्याइपुऱ्याउने नूतन शक्तिको रूपमा माओवादीको स्पेस छ । जुन आजपर्यन्त अक्षुण्ण र सशक्त रूपमा विद्यमान छ ।

समस्या माओवादीको स्पेस कहाँ छ वा माओवादीको हालत के छ भन्नेमा होइन । समस्या आजको राजनीतिको लगामलाई माओवादीले कसरी समाउँछ भन्ने हो । नेपाली समाजमा विद्यमान उखान 'टाट पल्टेको जुवाडेको विगत राम्रो हुन्छ' भने जस्तो विगतको चमत्कार, २०६४ को निर्वाचन नतिजा र उपलब्धिको चर्चामा आत्मरति लिनु भनेको समस्याबाट भाग्नु मात्र नभएर थप समस्यालाई निमन्त्रणा दिनु पनि हुन्छ । माओवादीले झेलिरहेको अप्ठेरोलाई पूर्वाग्रहरहित दृष्टिबाट आजको समय, मुलुक र पार्टीको सकसको आँखाबाट हेर्नु युक्तिसंगत हुनसक्छ ।

### मुलुकको सकस

एक शताब्दी लामो आधुनिक राजनीतिको संघर्षको नेपाली कथा विविध गाथा बोकेर २०७२ सम्म आइपुग्दा संघीय गणतन्त्र नेपालको संविधानको रूपमा यौटा सम्झौताको रूपमा नयाँ चरणमा प्रवेश गऱ्यो । संसद्वादी दलको संसदीय प्रणालीलाई अक्षुण्ण राख्ने चाहना र अग्रगामी रूपान्तरणको संघर्षमा तुलनात्मक रूपमा कमजोर माओवादीले आफ्ना एजेण्डाहरूमा सम्झौता गर्नुपर्ने अवस्था आयो । फलत: फेरि एको संसदीय व्यवस्था हाबी हुनसक्ने आधार सहित नयाँ संविधान जारी भयो । संविधान जारी भए पश्चात् जनताका आकांक्षाहरू साकार हुने ठूलो आशामा थिए । आम जनतालाई साँच्चै लागेको थियो, मुलुकको राजनीतिक तानातान एकढंगले व्यवस्थित भयो, अब आम दैनिकीका सवाल, आर्थिक-सामाजिक रूपान्तरणका सवाल प्रधान भएर आउनेछन् ।

परिस्थिति सोचे जस्तो नभएको जस्तो देखिन थाल्यो । समानता, समृद्धि, पहिचान, प्रगतिका आशाहरू व्यावहारिक रूपमा साकार बन्ने बाटो छोडेर राजनीतिले पुरानै अस्थिरता र तानातानको नयाँ अध्याय सुरु भएको भान जनतालाई हुन थाल्यो । संविधानले परिकल्पना गरेका तथा दलहरूले बाचा गरेका सपनाहरू कार्यक्रम र योजनामा रूपान्तरण हुन सकेनन् । मुलुकको आर्थिक/सामाजिक रूपान्तरणको कार्यक्रम अधुरो रह्यो । जनतालाई धोकाको अनुभूति हुने तथा त्यसबाट सिर्जित निराशा र अन्योललाई सम्बोधन गर्ने राजनीतिक अपील नहुने अवस्थाले मुलुकलाई सकसमा पुऱ्यायो । युवा पलायन, बढ्दो बसाइँसराइ, व्यापार घाटा, बेरोजगारी यस्तै यस्तै निराशाका खबरहरूले विद्यमान राजनीतिप्रति निराशा बढाउँदै लग्यो । जनतालाई भरोसा दिनसक्ने विचार, नीति, योजना र कार्यक्रम निर्माण गर्न चुक्नुको कारण समाज सकसमा फस्यो ।

### माओवादीको अप्ठेरो

सशस्त्र संघर्ष मार्फत गाउँबाट शहर घेर्दै केन्द्रीय राज्यसत्ता कब्जा गर्ने बाटोमा हिंडेको माओवादी राजनीतिका अनेक लहर सिर्जना गर्दै आफैं पौडिँदै शान्तिपूर्ण विकल्पको सम्भावना तयार गर्दै आजको लोकतान्त्रिक गणतन्त्र राजनीतिमा आइपुगेको हो । आफ्ना तमाम सीमाहरूका बाबजुद माओवादी आजको राजनीतिको 'प्रिन्सिपल एजेण्डा सेटर' हो । आफ्नो ऐतिहासिक भूमिकाको आधारमा बनेको नयाँ परिस्थितिलाई ठम्याउन, आफूलाई सोही अनुरूप अद्यावधिक गर्न जुन प्रयत्न गर्नुपर्थ्यो, सायद माओवादी यहाँनिर खरो उत्रन सकेन । नयाँ संविधानका धाराहरूदेखि सडकसम्म आफ्ना असरल्ल एजेण्डामाझ किंकर्तव्यविमूढ जस्तो देखिएको माओवादीले आफूलाई आजको राजनीतिको स्वरूपमा ढाल्न र अभ्यस्त बन्न अझै बाँकी रहेको जस्तो देखियो ।

आफ्ना अधुरा एजेण्डाहरू लागू गराउन लाग्ने कि प्राप्त उपलब्धि जोगाउन लाग्ने वा संविधानले लिपिबद्ध गरेका विषय लागू गराउन लाग्ने भन्ने भुलभुलैयामा परे जस्तो देखिएको माओवादीले अबको बाटो निश्चय गर्न अल्मलिए जस्तै देखिन पुगेको छ । आफूलाई सत्ताको अवसर प्राप्त हुँदा संघीयता, मौलिक हक, संवैधानिक प्रावधानहरूको कार्यान्वयन गर्न देखाउनुपर्ने चुस्तता र पहलकदमी देखाउन चुकेको भान आम जनतालाई हुन थाल्यो । फेरिएको व्यवस्थालाई बुझ्ने, सदुपयोग गर्ने तथा थप विकास गर्ने आधारभूत कर्तव्यलाई सही विधिबाट ठम्याउन नसके जस्तो अवस्थामा माओवादी अकर्मण्यतामा फसेर परम्परागत राजनीतिक शक्तिको वरिपरि घुमे जस्तो देखिन थाल्यो । आफ्नो इतिहासमा पटक-पटक काँचुली फेरेर समाजलाई अगुवाइ गरेको माओवादीले यो ऐतिहासिक मोडमा काँचुली फेर्न ढिलो गर्नु माओवादीको आजको सकस हो ।

### विचार, विधि र कार्यक्रम

राजनीतिका बाह्य र आन्तरिक दुवै आयाममा गुणात्मक हेरफेर भइरहेको छ । सोभियत संघको विघटन पश्चात् सुरु भएको जनयुद्ध, सेप्टेम्बर-११ को हमला पश्चात् फेरिएको फौजी र सामरिक अवस्थामा अहिले त्यही स्वरूपमा रहेन । सन् २००८ को वित्तीय संकट, कोभिड महाव्याधि, युक्रेन, प्यालेस्टाइन युद्ध जस्ता त्रासदीहरू छिचोल्दै संसार एकुवीय विश्व राजनीति बहुवीयताको दिशातर्फ अग्रसर हुन थालेको छ । जलवायु संकट, आय र सम्पत्ति असमानता जस्ता विषय पेचिलो बनेर संसारका केन्द्र भनिएका ठाउँमा ठूला बहस सिर्जना भइरहेका छन् । अनियन्त्रित बजारलाई सभ्यताको माथिल्लो खुट्किलो मान्नेहरू बजारमाथि पूर्णनिर्भरता गलत छ भनेर प्रस्ट बोल्न थालेका छन् । प्रमुख शक्ति राष्ट्रका निर्वाचनहरूमा समाजवादका नारा सामान्य बन्न थालेका छन् अर्थात् विचारको क्षेत्रमा नवीन संश्लेषणको खाँचो देखापरेको छ ।

एआई, क्वान्टम, न्युक्लियर फिसन जस्ता नयाँ प्रविधि विशुद्ध प्रविधि मात्रै रहेनन्, यिनीहरूसँग सामाजिक-राजनीतिक क्षेत्रलाई उथलपुथल गर्न सक्ने सामर्थ्य रहेको अनुभव हुन थालेको छ । प्रविधिले ल्याएका अवसर र उत्तिकै चुनौतीलाई चिन्ने र सदुपयोग गर्ने स्तरमा विचारको विकास गर्न नसक्दा असान्दर्भिक हुने खतरा उत्तिकै बढेको छ । विचारको विकास क्षणिक आवेगको विषय होइन । समाजका व्यापक अनुभवहरूलाई विशिष्ट शृंखलामा प्रतिभावान् मस्तिष्कहरू, राजनीतिक-सामाजिक प्रयोगहरूको व्यवस्थित विश्लेषण र संश्लेषणबाट विचारको विकास निश्चित हुन्छ । पार्टीले महाधिवेशनसम्म पुग्दा समग्र विचारमा थप विकास गरेर आजका समस्याहरूबारे प्रस्ट पारेर जानुपर्ने अवस्था छ । माओवादीले विचारमा अद्यावधिक हुँदै समकालीन समयको अन्तर्विरोध र त्यसको हललाई संश्लेषण गर्नु टड्कारो खाँचो भइसकेको छ ।

संविधानले जनताका आधारभूत समस्या हल गर्नलाई धेरै विषयहरू प्रस्ट गरेको छ । मुलुकको राजनीति समाजवाद उन्मुख हुने दिशानिर्देशदेखि आधारभूत शिक्षा, स्वास्थ्य, रोजगार जस्ता विषयहरू स्पष्ट शब्दमा मौलिक हकमा समेटिएका छन् । विद्यमान दलहरूका कार्यक्रमभन्दा धेरै मानेमा संविधान अग्रगामी देखिन्छ । आजको खाँचो जनतामा आशा जगाउने कार्यक्रम निर्माणको हो । संविधानलाई व्यवहारत: कार्यान्वयन गराउन आवश्यक कानुन, नीति र योजनाको खाका निर्माणको हो । मुलुक संघीयतामा गएपछि धेरै स्रोत-साधन वित्तीय संघीयता हुँदै स्थानीय तहसम्म पुग्ने अवस्था बनेको छ । देशभरमा उल्लेख्य मात्रामा जितेका स्थानीय सरकारहरू प्रभावकारी कार्यक्रम र सिर्जनशील योजनाको अभावमा कर्मचारीको भरमा स्थानीय सरकारहरू सञ्चालन गरिरहेका छन् । आर्थिक, सामाजिक रूपान्तरणका कार्यक्रमको सट्टा तल्लो तहसम्म लोकप्रियता, उग्रवादको सहारामा राजनीतिक ध्रुवीकरणको रोग देखापर्न खोजेको छ । आधारभूत तहसम्मै पुगेको स्रोत, साधनलाई उपयोग गरेर निराशा चिर्ने यो अवसर हो । क्षेत्रीय विकास, स्थानीय विकास, सहभागितामूलक अर्थतन्त्र, आत्मनिर्भर र रोजगारीमूलक उत्पादन जस्ता अवधारणा लागू गराउने यो स्वर्णिम मौका हो । संविधानले शक्तिशाली बनाएका सरकारहरूलाई आशाका केन्द्र बनाउन आवश्यक कार्यक्रम निर्माणमा समग्र पार्टी र जनताको क्षमता र प्रतिभाको सदुपयोग गर्न आवश्यक छ ।

पार्टीको आन्तरिक जीवनलाई लोकतान्त्रिक, पारदर्शी र सहभागितामूलक बनाउन व्यवस्थित विधिको खाँचो छ । युद्धकालमा तत्कालीन आवश्यकताको आधारमा बनाएका संस्था र संरचनाहरूले आफ्नो योगदान गरिसकेका छन् । आजको सन्दर्भ र आवश्यकताको आधारमा बन्ने पार्टीले आजकै जस्तो संरचना र विधिको माग गर्दछ । निश्चित, प्रभावकारी र अद्यावधिक विधि निर्माणले मात्रै नयाँ र पुरानो, लाल र दक्ष सबैको सन्तुलन मिलाउँदै पार्टीलाई गतिशील बनाउन सक्छ । पार्टी सञ्चालनको स्थायी विधिले पार्टीभित्रको डाइनामिक्सलाई सिर्जनात्मक दिशातर्फ लैजान्छ । पार्टीको सांगठनिक जीवनलाई व्यवस्थित, लोकतान्त्रिक र दिगो बनाउने विधिको निश्चितता पार्टी निर्माण र प्रकारान्तरमा मुलुक निर्माणको आधारभूत शर्त पनि हो । मूलत: समग्र राजनीति र पार्टीलाई दिशानिर्देश गर्ने अग्रगामी र व्यवस्थित विचारको विकास, मुलुकको समृद्धि र परिवर्तनको लागि उपयुक्त कार्यक्रम र नीतिको निर्माण तथा गतिशील पार्टीको लागि प्रभावकारी विधिको विकास आजको माओवादीको सकसको हल हुन सक्छ ।

### पुष्पलाल र प्रचण्ड

आधुनिक नेपालको राजनीतिक इतिहासको सामान्य पाठकले पनि निर्विकल्प छिचोल्नुपर्ने थोरै अध्यायहरूमा हामी राणातन्त्र र राजतन्त्र खिलाफमा भएका दुई सशस्त्र संघर्षहरू शीर्ष स्थानमा पाउँछौं, २००७ सालको मुक्ति सेनाको संघर्ष र २०५२-६३ को जनयुद्ध । नेपाली समाजको प्रगतिशील रूपान्तरणको राजनीतिक पाटो खोज्दै जाने हो भने हरकोहीले दुई विशिष्ट वाक्यबाट गुज्रिनैपर्ने हुन्छ, १० वैशाख २००६ मा प्रकाशित पर्चामा उल्लिखित नारा 'पूर्ण नागरिक स्वतन्त्रताको लडाइँ-जिन्दावाद' र २०५२ असारमा सम्पन्न तत्कालीन नेकपा (माओवादी) को बैठकमा अध्यक्ष प्रचण्डद्वारा प्रस्तुत प्रतिवेदनको खण्ड ५ अन्तर्गतको नारा 'जनयुद्ध-जिन्दावाद ।'

नेपालमा कम्युनिष्ट पार्टी स्थापना गर्ने, जनवादी क्रान्तिको कार्यदिशा प्रस्तुत गर्ने तथा आजीवन अविराम संघर्ष गर्ने पुष्पलाल नेपाली कम्युनिष्ट आन्दोलनका साझा नेता हुन् । पुष्पलाल नेपाली कम्युनिष्ट आन्दोलनका साझा खम्बा हुन् । उनको समयको आन्दोलन र उनको पुस्ताको योगदान र त्यागको मूर्त प्रतिनिधिको रूपमा हामी पुष्पलाललाई सादर स्थापित गरेर जान सक्छौं । त्यसपछि नेपाली कम्युनिष्ट इतिहासमा दस्तावेज र पुस्तकका पानाभित्र कैद सिद्धान्तलाई आम जनताको जीवनमा पुऱ्याएर वास्तविक परिवर्तन गराउने अर्को महत्वपूर्ण नायक प्रचण्ड हुन् । युद्ध, शान्ति, संविधान तीनै मोर्चाको निर्णायक पहलकर्ताको रूपमा उनको ठूलो योगदान रहेको छ ।

विद्यमान चुनावी जोड-घटाउको हिसाबकिताबले प्रचण्डको साङ्गोपाङ्गो मूल्यांकन गर्न सक्दैन । आज दक्षिण एशियामा ठूलो युगान्तकारी राजनीतिक परिवर्तन गरेर क्रान्तिको लिगेसीमा उभिएको अग्लो नेताको रूपमा प्रचण्ड देखिन्छन् भन्नु अतिशयोक्ति होइन । आफ्ना तमाम मानवीय सीमा र स्वाभाविक कमजोरीका बावजुद प्रचण्ड समकालीन नेपालमा क्रान्तिको बिम्ब हुन् । प्रचण्डको आत्मविश्वास, उनले पैदा गर्ने एकता, गतिशीलता र उनमा आउनुपर्ने सुधारले अझै केही समय नेपालको राजनीतिको दिशा तय गर्दछ । आफ्नो लामो अनुभव, अवलोकन र अन्तरक्रियाले प्रचण्डलाई आगामी दिन अझ बहुमूल्य बनाउने वाला छ ।

नेपालको वाम आन्दोलन प्रचण्डको कसरी सदुपयोग गर्छ भन्नेमा धेरै भरपर्ने देखिन्छ । शहरमा रूप फेर्दै बेलाबेला देखापर्ने केही जादुगरहरूका सानातिना चर्चाले प्रचण्ड र उनको नेतृत्वको गणतन्त्रको निष्ठालाई रौं बराबर पनि दायाँ-बायाँ गराउन वा बदनाम गराउन सक्दैन । निकारागुवामा फर्केर आएका डेनियल ओर्टेगा, श्रीलंकामा असाध्यै कमजोर भनेर अपहेलनामा पारिएका दिसानायकेहरू जसरी समाज र राष्ट्रको आवश्यकताले तानेर ल्याए, त्यसैगरी मुलुक रूपान्तरणको बलिदानी सपनाको बाँकी काम पूरा गर्न प्रचण्ड नेतृत्वको माओवादी शक्ति जनताको बलले तानेर आउनेमा कुनै शंका छैन ।

### खाँचो राष्ट्र निर्माण संकल्पको

हरेक मुलुकको इतिहास जस्तै नेपालले पनि आफ्नो इतिहासमा विविध चरण पार गरेर आजको समयमा आइपुगेको छ । चौथो चरणको औद्योगिक क्रान्तिको समयमा आइपुग्दासम्म अझै नेपाल मध्ययुगीन सामाजिक-आर्थिक प्रणालीमा जकडिएको अवस्थामा छ । यद्यपि यसको अर्को उज्यालो पाटो पनि नभएको होइन । विविध आन्दोलन, क्रान्ति र बलिदानबाट गुज्रेर आएको नेपाली समाज समकालीन दक्षिण एशियामा लोकतन्त्र, समावेशिता, प्रगतिशीलता र खुला बहसको संस्कृति ज्युँदै राखेको समाज हो । विगतमा नेपाली समाज एउटा चरणभन्दा तल झुक्न कहिल्यै तयार भएन । श्रम, शिल्प र प्रतिरोधका गाथा बोकेको नेपाली समाज हरेक प्रतिकूलतामा उज्यालोतर्फ फर्किरहेको समाज हो । जनयुद्धले नेपाली समाजको अन्तर्यमा रहेको यही अपराजेय आत्मविश्वासलाई प्रतिनिधित्व गर्दथ्यो । बाध्यताले आज संसारभर फैलिएर निम्नकोटिको काम बाध्य भएता पनि बाध्यताले र केही रहरले भूमण्डलमा फैलिएका नागरिकहरूको आकांक्षामा राष्ट्र निर्माण छ ।

हो यही, संकल्प, स्पिरिट नै आजको माओवादी आन्दोलनको पुनरोदयको सहयात्री बन्ने छ । माओवादीले आफ्नो आठौं महाधिवेशनमा प्रस्ट बोलेको छ- 'समाजवादी क्रान्तिको रणनीति अन्तर्गत समाजवाद उन्मुख स्वतन्त्र एवं राष्ट्रिय अर्थतन्त्रको नीति सहित राष्ट्रिय पूँजी र समृद्धिको विकास गर्ने मूल कार्यनीति', आउँदो सन् २०४८ मा कम्युनिस्ट घोषणापत्र लेखेको २०० वर्ष हुँदैछ । नेपालले त्यो समयसम्म समाजवादका आधारभूत संस्था, संरचना र आधारहरू तय गर्न सक्छ । आउदो विक्रम संवत् २१०० को सूर्योदयसम्म पुग्दा मुलुकलाई निश्चित स्तरमा पुऱ्याउने ठोस र विश्वासिला योजना र कार्यक्रम प्रस्तुत गर्न सक्छ । यथास्थितिको गोलचक्करमा फसेर चिल्ला गफ गर्दै चलिरहेको संसदीय खेलमेल विरुद्ध हिजो पनि माओवादी नै उठेको हो ।

आज पुन: चलाइएको दुई दलीय/एकात्मकतातर्फ फर्कने बुद्धिविलासलाई छोडेर माओवादीलाई झुपडीमा फर्काउनु छ । यो परम्परागत दलहरूले सहजीकरण गरिदिएको अर्को यौटा अवसर हो । साँच्चै हजारौं शहीद परिवार, लाखौं कार्यकर्ता र करोडौं शुभेच्छुक जनताले उत्सुकतासाथ नियालिरहेको माओवादी दिग्भ्रमित भएर निराशाको गोलचक्करमा फस्ने हैन, यो क्षणिक रूपमा लागेको धुलो टक्टक्याएर उठ्ने समय हो । कवि रबर्ट फ्रस्टले आफ्नो बहुचर्चित कवितामा भने जस्तै-

''जंगल सुन्दर, अँध्यारो र घना छ,
तर मसँग पूरा गर्नैपर्ने वाचा छ,
र म सुत्नुअघि धेरै माइल अघि जानुछ,
सुत्नु अघि धेरै माइल अघि जानुछ ।'

हिंड्ने हामीले नै हो, उठ्ने हामी नै हो र जाने उज्यालोतिर नै हो ।

(साभार: अनलाइनखबर)

# बाढीले चाल्नाखेलमा ७० परिवारको बंगुर फार्म सोत्तर

चाल्नाखेल/सुसाउँदै बगिरहेको बागमती निकै धमिलो छ । त्यही बागमती झैं धमिलिएको छ-नरबहादुर मगर (६८) को आशाको क्षितिज पनि । असोज १२ गते बिहानको बाढीले ८० वटा बंगुर खोरसहित सोत्तर बनाएपछि उनी निकै निराश छन् । नरबहादुर बाढीले भत्काएको बंगुरको खोरसम्म हरेक दिन आउँछन्, आँखा डुलाउँछन्, अनि साँझमा फर्किन्छन् । अब के गर्ने ? कुनै उपाय छैन । 'गाउँको जग्गाजमिन सबै बेचेर केही हुन्छ कि भनेर यही सुँगुर र हाँसमा लगानी गरेको थिएँ । केही बाँकी राखेन', लामो खुइय ताने ।



काठमाडौंको दक्षिणकाली नगरपालिका-१, चल्नाखेलमा नरबहादुरको सुँगुर खोर थियो । यहाँ उनले ४ वर्षअघि १५ लाख रुपैयाँ लगानीमा सुँगुर फार्म खोलेका थिए । त्यसअघि जडिबुटीमा पनि सुँगुर नै पालेका थिए । 'त्यहाँ टाउन प्लानिङ गर्ने भनेर हटाएपछि चल्नाखेल आएँ', नरबहादुरले भने । ८० वटा बंगुरमध्ये ४० वटा यही दशैंका लागि बेच्ने तयारी थियो । बाँकीचाहिँ केही माउ सुँगुर थिए अनि केही पाठापाठी । त्यहीं ६० वटा हाँस पनि पालेका थिए । सबै बागमतीको बाढीमा हेलिए ।

**भूकम्पले घर ढाल्यो, बाढीले बाँच्ने आधार**

नरबहादुरमाथि परेको बज्रपात यो पहिलोपल्ट भने होइन । ०७२ वैशाखको विनाशकारी भूकम्पले दोलखामा भएको उनको घर भत्काइदिएको थियो । भत्किएको घरको आडमा केही समय छाप्रा बनाएर बसेपनि आम्दानी केही थिएन । त्यसैले कमाउने बाटो खोज्दै काठमाडौं पसेका थिए । ०७६ सालतिर काठमाडौं झरेका नरबहादुरले गाउँले साथीभाइले सुँगुर पालनबाट राम्रो आम्दानी गरिरहेको देखे । अनि, गाउँको जमिन सबै बेचेर त्यसैमा लगानी गरे । तर, त्यही लगानी पनि बागमतीको बाढीसँगै बगेर गएको छ । 'हामीजस्तो गरिबलाई जहाँ गए पनि केही नहुने रैछ । न घरमा राम्रोसँग बस्न पाइयो, न यता व्यापार नै गर्न पाइयो', नरबहादुरले दु:ख पोखे, 'उता गाउँमा भूकम्पले घर भत्काइदियो । यता बाढीले भत्कायो । अब यहाँदेखि कहाँ जाने होला ?' बसिरहेको टहरो समेत बाढीले बगाएपछि उनले गाउँमाथि एउटा कोठा भाडामा लिएका छन् । बुधबार बाढीग्रस्त चल्नाखेल पुग्दा उनी छोरासँगै बचेखुचेका सामान ओसारिरहेका थिए ।

**साउदीको कमाइ स्वाहा**

बंगुर फार्म बगर बनेपछि रसुवाका टेकबहादुर तामाङको परिवार पनि ठाउँ छोडेर जाने तर्खरमा छ । उनले साउदीमा ८ वर्ष कमाएर ल्याएको कमाइ बुंगुर र हाँस पालनमै खर्चिएका थिए । १२ गते मध्यरातमा आएको बाढीले उनको परिवारलाई तहसनसहस बनाएर गयो । 'यस्तो पनि दिन आउला भन्ने कहिल्यै सोचिएको थिएन । ६५ वटा सुँगुर बाढीले बगाइदियो । हामीसँग एउटा कुकुर र केही परेवामात्रै बचे', तामाङले भने, 'जीवनभरको कमाइ सबै खोलामा गयो ।'

श्रीमती र छोरासहित त्यहाँ बंगुर र कुखुरापालन व्यवसाय गरेका तामाङ, २० लाखभन्दा बढीको सुँगुर बगेको सुनाउँछन् । 'पहिलेपहिले खोला केही बढ्थ्यो, तर यतिसारै गरेको थिएन' उनले भने, 'राति घरभित्र खोला पस्न थालेपछि ज्यान जोगाउन भागाभाग भयो । मान्छे बच्यौं, अरु केही बाँकी रहेन ।' चल्नाखेल क्षेत्रमा ७० जनाभन्दा बढी कुखुरा र बंगुर फार्म थिए । मुख्य बजार क्षेत्रमा बंगुर पालन गर्न नपाएपछि उनीहरु चाल्नाखेलमा जम्मा भएका थिए ।

बाढीले फार्म सबै बगाएपछि केही व्यवसायीले भने बचेखुचेका सामान बोकेर बसाइँ सरिसकेको उनीहरुले बताए । 'अब यहाँ यो बगर हेरेर मात्रै के गर्नु र ? केही विकल्प छैन । अन्त कतै जग्गा पाइयो भने केही काम गर्नुपर्ला', तामाङले संचारकर्मीसँग भने, 'खै त्यो पनि भनेको बेला के नै पो होला र ?' टेकबहादुर जस्तै दमकका गंगाबहादुर मादेन १२ वर्ष साउदी अरबको चर्को गर्मीमा पाखुरा घोटेपछि ४ वर्षअघि नेपाल फर्किएका थिए । खाडीमा कमाएको केही बचत थियो, नेपालमै केही गर्ने सपना पनि । चल्नाखेलमै बंगुर पालन गर्दै आएका एकजना छिमेकी दिदीले त्यसमा लगानी गर्न सुझाइन् ।

काठमाडौंदेखि नजिकै र बजार माग पनि राम्रो माग रहेकाले उनले करिब ४० लाख लगानीमा 'गंगा कुखुरा तथा पशु फार्म' दर्ता गरे । ओसार पसारका लागि गाडी किने, वार्षिक १ लाख २० हजार रुपैयाँ तिर्ने गरी २ रोपनी जग्गा भाडामा लिए । गएको वर्ष हुर्किएर बेच्न तयार भएकै अवस्थामा अज्ञात रोगले ११५ वटा बुंगुर सबै मरे । उनले हिम्मत हारेनन् । कृषि विकास बैंकबाट ४० लाख रुपैयाँ ऋण लिएर बुँगुर हाले ।

'खोरमा ६८ वटा बंगुर थिए । ११ सयवटा हाँस हुर्किसकेका थिए', मादेनले भने, 'बेच्न तयार भइसकेका थिए । त्यही बेचेर दसैं मनाउने कत्रो सोच थियो । सबै गयो । अब त खै ऋण पनि कसरी तिर्ने ?' खाइनखाई बचत गरेको पैसा सबै त्यसैमा लगानी गरिसकेका छन् । दशैंको छेकोमा बंगुर र र हाँस बेचेर कम्तीमा ५० लाख रुपैयाँ जति उठाउने उनको सपना थियो । उनले निराशा पोखे, 'दशैंको बेला बाढी दशा बनेर आइदियो ।'

मादेनले गाडी खोलाभन्दा पर खाली जग्गामा राखेका थिए । माथिबाट आएको खोल्साले धार बदलेर गाडी आधा पुरिदिएको छ । 'झन् त्यहाँ सुरक्षित हुन्छ भनेर अलि माथि गाडी राखेको थिएँ । त्यहाँ पनि खोल्साबाट बाढी आएर पुरि दिएछ', उनले भने । नख्खुखोला किनारमा बंगुर पाल्दै आएका दोलखाका राम तामाङ फागुनमा मात्रै चल्नाखेलमा फार्म सारेका थिए । फार्मको रेखदेख गर्न उनी नख्खुबाट आउजाउ गर्दै आएका थिए ।

शुक्रबार बंगुर र हाँसलाई दानापानी दिएर कोठा निस्किँदै गर्दा पानी परिरहेको थियो । तर बागमतीले आकार बढाइसकेको थिएन । 'जानेबेला पनि एकपटक पानी हेरेरै गएको हो, त्यस्तो बिगार गर्ला भन्ने लागेको थिएन', उनले भने । तर, रातिसम्म पनि पानी थामिने संकेत नदेखेपछि तामाङको मनमा डर पस्यो । चल्नाखेल बंगुर फार्म क्षेत्रमा रहेका आफन्तलाई फोन गरेर अवस्था सोधे । उनीहरुले 'केही भएको छैन' भन्ने जवाफ दिए । तर राम ढुक्कले सुत्न सकेनन् ।

नख्खुखोलामा आएको बाढीले उनको टहरो जम्मै बगाइदियो । रातारात भागेर ज्यान त जोगाए, घरमा रहेका केही सामान बचेन । नख्खुको बास बाढीले उजाडिदिएपछि शनिबार बिहानै चल्नाखेलको अवस्था बुझ्न खोजे, फार्ममा रहेका आफन्तलाई फोन लाग्न छोडिसकेको थियो । उनी आउन खोजेका थिए, तर पानीले चल्नाखेलसम्म आउने अवस्था थिएन । 'आफ्नै भताभुंग भइसकेको फार्म हेर्न पनि ३ दिनमा बल्लबल्ल आउन सकें', उनले भने ।

तामाङको ६० वटा बंगुर थिए, त्यसमध्ये ५५ वटा सबै बागमतीमा आएको बाढीले बगाइदिएको छ । 'कोही बेच्ने तयारी थिएँ, कोही माउ र पाठापाठी पनि थिए, सय वटा हाँस थिए', उनी निराशा पोखे 'बरु यो ५ वटा सुंगुर पनि बगाइदिए जाति हुन्थ्यो । यिनीहरुलाई के खुवाउने ? घाँडोमात्रै भए झन् ।'

**बस्तीमा फैलिएको छ दुर्गन्ध**

चाल्नाखेल क्षेत्रमा कति सुंगर, बुंगर तथा हाँस फार्म थिए भन्ने यकिन विवरण नगर पालिकासँग छैन । वडाध्यक्ष जय थापा मगरका अनुसार यो क्षेत्रको धेरै जग्गाधनी खोकनाका छन् । उनीहरुले नै बार्षिक रुपमा भाडामा दिए । एकपछि अर्को गर्दै सुंगर, बुंगर तथा हाँस फार्म खुले । तर दुर्गन्ध फैलिएको भन्दै स्थानीय फार्म दर्ता नगर्न स्थानीय तहलाई दबाब दिए । त्यसैले नगरपालिकाले यस्ता फार्महरु न दर्ता गरेको छ, न हटाउन सकेको थियो । मेयर मोहन बस्नेत भन्छन्, 'कति फार्म थिए भन्ने यकिन विवरण हामीसँग छैन । ३ दिनभित्र नगरपालिकाभित्र कति पशुधनको क्षति भयो यकिन भनेर प्रतिवेदन पेश गर्न भनेका छौं । त्यो प्रतिवेदन आएपछि भन्न सकिएला ।'

स्थानीय व्यवसायीहरु भने यो क्षेत्रमा ७० भन्दा बढी परिवारले सुंगर, बंगुर तथा हाँसपालन गर्ने गरेको बताउँछन् । उनीहरुका अनुसार फार्म क्षेत्रमा जाने बाटो मर्मतका क्रममा रकम पठाइएको थियो, त्यसक्रममा यो संख्या खुलेको हो । शुक्रबारदेखि शनिबारसम्म परेको भारी वर्षासँगै आएको बाढीले अधिकांश फार्म बगाएको छ । चल्नाखेलका बुगुर व्यवसायीका अनुसार बाढीले करिब एक हजार वटा सुँगुर बगाएर लग्यो भने हजारौं हाँस तथा कुखुरा मारिदिएको छ । २० करोड रुपैयाँभन्दा बढी क्षति भएको छ ।

दशैंको मुखमा आएको बाढीले व्यवसाय नै चौपट बनाएपछि बस्तीमा सन्नाटा छाएको छ । 'यहाँ त एउटा समाज भइसकेको थियो । सबै मिलेर २/४ वटा बुंगुर काट्ने, रमाइलो गर्ने सल्लाह थियो', टेकबहादुर भन्छन्, 'सल्लाह राम्रोसँग गर्न नपाउँदै बाढीले खाइदियो । अब यस्तो समयमा कसरी दशैं मनाउने ?'

कालीकोटबाट आएर तरकारीसँगै कुखुरा पाल्दै आएकी धनणा बिकलाई त झन् साँझ बिहानको छाक कसरी टार्ने भन्ने चिन्ताले सताएको छ । २ जना छोराछोरीसहित त्यहाँ बसेकी उनको १६/१७ हजार रुपैयाँ बराबरको हाँस र तरकारी खेती सबै बग्यो । 'कोठामा बस्न सक्ने अवस्था छैन, खानेकुरा पनि छैन', भन्छिन्, 'खेतीपाती गर्न ऋण लिएको थिएँ, त्यो पनि कसरी तिर्ने अर्को तनाव छ ।'

बाढीले क्षति पुऱ्याएका सुँगुर, कुखुराले बस्तीभरि बस्नै नसक्ने गरी दुर्गन्ध फैलिएको छ । माथिल्ला तटीय क्षेत्रबाट ल्याएका वस्तुभाउ पनि त्यहीं रोकिएका छन् । त्यहाँका व्यापारी मिलेर बुधबार पनि मरेका सुंगुर, बगुर र कुखुराहरु खोलामा बगाए । तर, कसरी पो सम्भव हुन्थ्यो ? 'कुहिएर गन्हाएर बसिनसक्नु छ । लट्ठीले धकेल्दै केही त खोलामै बगादियौं, तर अझै सकिएका छैनन्', मादेन भन्छन्, 'व्यापार त चौपट भयो भयो, महामारी फैलिएला भन्ने अर्को डर भो ।'

तर बढीले धेरै बंगुर मरेर दुर्गन्ध फर्लिएको भन्दै वडा नम्बर १ का वडाध्यक्ष जय थापा मगरले व्यवस्थापनका लागि पशु शाखालाई आग्रह गरेका छन् । उनले संचारकर्मी भने, 'रोकथाम गर्ने उपाय गरौं भनेर मेयरलाई भनेको छु । भोलि पशु शाखाका कर्मचारी जान्छन् होला । स्प्रे गर्ने भन्ने छ ।'

*(स्रोत: अनलाइनखबर)*

# इतिहासमै सर्वाधिक शोज पाउने फिल्म बन्यो 'बेहुली फ्रम मेघौली'

काठमाडौं/बिहीबार अर्थात् दशैंको घटस्थापनाबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'बेहुली फ्रम मेघौली'ले एउटा 'रेकर्ड' बनाएको छ । यो फिल्मले नेपाली फिल्मको इतिहासमै सबैभन्दा बढी शोज पाएको वितरक कम्पनी डिसिएनले जनाएको छ । फिल्मले देशभरका सिंगल र मल्टीप्लेक्स हलमा गरी कूल ३ सय ४० शोज प्राप्त गरेको डिसिएनका डिस्ट्रीब्यूसन चिफ दीपक दंगालले जानकारी दिए ।



एकल रिलिज, फिल्मको हाइप र घटस्थापनाको विदाका कारण फिल्मले सर्वाधिक शोज पाएको देखिन्छ । यसमा ५० प्रतिशत मात्रै पनि पहिलो दिन फिल्मले अकुपेन्सी हासिल गर्न सकेको खण्डमा 'ओपनिङ' आक्रामक हुनेछ । फिल्मको सोमबारबाट देशभरका मल्टीप्लेक्सहरुमा एड्भान्स बुकिङ खुला भइसकेको छ । काठमाडौंका केही हलमा फिल्मको टिकट बुकिङ सुखद् देखिएको छ ।

'केही नभने है, मेरी बुहारीलाई' गीतका कारण चर्चामा रहेको फिल्ममा 'स्टारकास्ट' पनि बलियो छ । यसैले इनिसियल व्यापार राम्रो हुन सक्ने प्रक्षेपण गरिएको छ । लामो रेसको घोडा बन्न भने 'वर्ड अफ माउथ' बलियो हुनुपर्नेछ । ट्रेलर हेर्दा फिल्मले छोरीका लागि योग्य केटा खोज्न परिवारको गरेको संघर्षलाई हास्य शैलीमा प्रस्तुत गरेको देखिन्छ । ट्रेलरलाई प्रतिक्रिया उत्साहजनक मिलेको छ ।

साजन काफ्ले र आकाश बरालको लेखन एवं निर्देशनमा बनेको फिल्ममा निश्चल बस्नेत, स्वस्तिमा खड्का, विजय बराल, सिरु बिष्ट, सिम्रन खड्का, आमिर गौतम, बसुन्धरा भुषाल, लोकेन्द्र लेखक, रक्षा थापा, शिशिर सिवाकोटी, टीका पहारीलगायतको अभिनय छ । स्वस्तिमा र निश्चल दम्पती स्वयंको निर्माण रहेको फिल्मको कार्यकारी निर्माताहरूमा फिरोज खड्का र शंकर पाण्डे रहेका छन् ।

# युट्युबमा आक्रामक '१२ गाउँ'को ट्रेलर, दुईतिरै ट्रेन्डिङमा

काठमाडौं/दशैंको फूलपातीबाट प्रदर्शनको तयारीमा रहेको फिल्म '१२ गाउँ'को प्रचारका लागि अहिलेसम्म कोही कलाकार मिडियामा आएका छैनन् । र, यसको आवश्यकता पनि देखिँदैन । मिडियामा आएर कलाकार वा निर्माता/निर्देशकले फिल्मको बारेमा बोल्नु भनेको धेरै दर्शकमाझ जानकारी पुग्नु हो । तर, '१२ गाउँ'को पोस्टरदेखि ट्रेलरसम्मले मिडियाबाट हुने प्रचारभन्दा ठूलो काम गरिरहेको छ ।



यतिबेला जुनसुकै फिल्मको गीत र ट्रेलर आए पनि युट्युबको कमेन्ट '१२ गाउँ'को नामले नै भरिएको हुन्छ । यसको पछाडि दुईवटा कारण छ । पहिलो, अभिनेता विराज भट्टको क्रेज । उनलाई हेरेर हुर्किएको पुस्ता ठूलो छ । यसैले उनको यो फिल्मप्रति दर्शकमा उत्साह देखिएको हुन सक्छ । दोस्रो, यही फिल्मबाट उनका छोरा समीरले डेब्यु गरेका छन् । उनलाई हेर्न पनि दर्शक अधैर्य छन् ।

'१२ गाउँ'प्रति दर्शकमा कुन हदसम्म उत्साह छ भन्ने कुरा मंगलबार सार्वजनिक भएको ट्रेलरले पनि पुष्टि गर्छ । युट्युबमा रिलिजको केही घण्टामै ट्रेलर फिल्मतर्फ नेपाल 'ट्रेन्डिङ'को पहिलो नम्बरमा उक्लिएको थियो । र, पछिल्लो समय हिन्दी 'शर्टस्' भिडियोहरुले कब्जा जमाइरहेको युट्युबको मुख्य सेक्सन (ट्रेन्डिङ भिडिओज)मा पनि फिल्मको ट्रेलर 'ट्रेन्डिङ'को सातौं नम्बरमा विराजमान छ ।

युट्युबको दुईवटै 'ट्रेन्डिङ सेक्सन'मा परेको ट्रेलरलाई भ्यूज पनि आक्रामक छ । रिलिजको २४ घण्टामा ट्रेलरलाई साढे ६ लाख बढी भ्यूज मिलिसकेको छ भने कमेन्ट ११ हजार बढी प्राप्त छ । र, शतप्रतिशत कमेन्ट सकारात्मक छन् । तर, रोचक कुरा चाहिँ के छ भने कमेन्टमा विराजभन्दा पनि समीर भट्टको बढी प्रशंसा गरिएको छ । उनलाई धेरैले अबको 'एक्सन स्टार'को संज्ञा दिएका छन् ।

फिल्मको टिजर/ट्रेलर प्रति देखिएको क्रेज हेर्दा '१२ गाउँ'ले बक्स अफिसमा आक्रामक व्यापार गर्न सक्ने देखिन्छ । तर, फूलपातीमा 'छक्का पञ्जा' जस्तो ब्राण्ड फिल्म भएकाले चुनौती ठूलो छ । विराज भट्ट स्वयंको निर्देशनमा तयार भएको फिल्ममा न्यान्सी खड्का, सनिशा भट्टराई, दीया मास्के, अर्जुन जंग शाही, कनिज कोइराला, नरेन खड्का, सोनु चन्द्रपाल आदिले पनि अभिनय गरेका छन् ।

# 'ज्वाइँ साब'मा जितुको बुढ्यौली गेटअप

काठमाडौं/दशैंको फूलपातीदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'ज्वाइँ साब'को 'कसम बत्ती'को गीत अहिले चर्चामा छ । युट्युबमा १८ लाख बढीले हेरिसकेको यो गीत टिकटकमा पनि भाइरल बनेको छ । गीतले राम्रो 'हाइप' बनाउँदै गर्दा बुधबार निर्माण टिमले फिल्मका प्रमुख अभिनेता जितु नेपालको एउटा 'क्यारेक्टर पोस्टर' सार्वजनिक गरेको छ, जसमा उनलाई बुढ्यौली 'गेटअप'मा देख्न सकिन्छ ।

जितुलाई गोवर्धन पण्डितको रुपमा चित्रित गरिएको पोस्टरमा उनी तालुमा पातलिँदै गएको कपाल, आँखामा पावरवाला चश्मा, सेतै फुलेको लामो दाह्री र गलबन्दीले टाउको ढाकेको अवस्थामा देखिएका छन्, जसले बुढ्यौली जीवन दर्शाउँछ । यसअघि सार्वजनिक टिजर र 'कसम बत्ती'को गीतमा युवावस्थामा देखिएका जितुलाई फिल्ममा बुढ्यौली भूमिकामा पनि देख्न सकिने पोस्टरले जनाउँछ ।

बसन्त निरौलाको निर्देशनमा तयार भएको फिल्ममा जितुसँगै नीति शाह, बुद्धि तामाङ, हिमेश पन्त, रमेश बुढाथोकी, कविता आले, निमा पाण्डे, शिशिर वाङ्देल, दीपक आचार्य (काकु), राजकुमार पण्डित, कमलमणी नेपाल, प्रकाश घिमिरे, सीपी पौडेल, सुमन राई, राजेन्द्र नेपाली, दीपक अधिकारी, विश्व मुखिया, रोशन नेपाल, नविन काफ्ले, शिवु पाण्डे लगायतको पनि अभिनय रहेको छ ।

विजय बस्याल कार्यकारी निर्माता रहेको फिल्ममा मीनादेवी खड्का, सौगात पण्डित र पदमलाल तामाङको लगानी छ । राजकुमार पण्डितको प्रस्तुतिमा तयार भएको यो फिल्ममा अर्जुन पोखरेलसहित महेश ताम्राकारको संगीत, श्याम तामाङको छायांकन, सञ्जय थापाको द्वन्द्व निर्देशन तथा सन्देश शाहको सम्पादन छ । जितु र नीतिको जोडीका कारण फिल्मप्रति दर्शकमा चासो देखिएको छ ।

# रोहितको अलराउन्ड प्रदर्शनमा नेपाल विजयी




काठमाडौं/कप्तान रोहित पौडेलको अलराउन्ड प्रदर्शनमा नेपालले त्रिकोणात्मक टी-२० आई सिरिजमा ओमानलाई ५६ रनले हराउँदै उपाधि जित्ने सम्भावना कायमै राखेको छ । १५८ रनको लक्ष्य पछ्याएको ओमान १७.५ ओभरमा १०१ रनमा अल आउट भयो । ओमानका जिशान मकसुदले ३५ र अकिब इलियासले २२ रन बनाए । नेपालका कुशल भुर्तेलले ३, रिजन ढकाल, रोहित पौडेल र सन्दीप लामिछानेले २-२ विकेट लिए ।

त्यसअघि किंग सिटीमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले २० ओभरमा ७ विकेट गुमाउँदै १५७ रन बनाएको थियो । नेपालको जितमा कप्तान रोहित पौडेलले ४४ बलमा २ चौका र ४ छक्कासहित ५६ रनको अविजित अर्धशतकीय इनिङ खेलेका थिए । ओपनर अनिल साह ११, आसिफ शेख १६, देव खनाल १८, दीपेन्द्रसिंह ऐरी १, गुल्सन झा २ र कुशल भुर्तेल ११ रनमा आउट भए । ओमानका फयाज बटले, ३ कलिमुल्लाह, सकिल अहमद र अकिब इलियासले १-१ विकेट लिए । नेपाल पहिलो खेलमा नेपाल क्यानडासँग १४ रनले पराजित भएको थियो । दोस्रो खेलमा नेपालले ओमानलाई ३७ रनले हराएको थियो । तेस्रो खेलमा नेपाल क्यानडासँग ४ विकेटले हार्न पुग्यो । नेपाल ४ खेलमा २ मा जित र १ मा हार सहित ४ अंकका साथ नेटरनरेटका कारण शीर्ष स्थानमा छ । क्यानडा ३ खेलमा २ मा जित र १ मा हार सहित ४ अंकका साथ दोस्रो स्थानमा । क्यानडा ओमानसँग ८ विकेटले पराजित भएको थियो ।

ओमान १ मा जित र २ मा हारसहित २ अंकका साथ पुछारमा छ । बिहीबार ओमान र क्यानडाबीच प्रतिस्पर्धा हुनेछ । उक्त खेलमा ओमान विजयी भएमा नेटरनरेटका कारण नेपाल च्याम्पियन बन्ने समिकरण देखिन्छ । नेपालले अब क्यानडा ए सँग ४, ६ र ८ अक्टोबरमा तीन एकदिवसीय अभयास खेल खेल्नेछ

# दर्जनौं स्कुलमा पस्यो बाढी, करोडौंको क्षति

काठमाडौं/बुधबार विद्यालय समयमा ललितपुर इमाडोलको गम्भीर समुन्द्र सेतु माविमा पुग्दा विद्यार्थीहरु हातमा वाइपर बोकेर हिलो फाल्न व्यस्त थिए । कोही हिलो फाल्दा फाल्दा हैरान भएर थकाइ मारिरहेका थिए । शुक्रबार र शनिबार भएको भीषण वर्षासँगै मनोहरा खोलामा आएको बाढीले विद्यालयको भुइँतला पुरै डुबाएको थियो । क्यान्टिन र विद्यालयको कार्यालय रहेको कोठासहित ११ कोठा डुबाउँदा धेरै कागजातसमेत काम नलाग्ने गरी भिजेका छन् ।

सोमबारदेखि शिक्षक र विद्यार्थी मिलेर सरसफाइ गर्दा पनि विद्यालयको कक्षाकोठा पनि सफाइ सकिएको छैन । शिक्षक दानबहादुर साउदका अनुसार विद्यालयको साइन्स ल्याब, कक्षाकोठा, क्यान्टिन र कार्यालयमा क्षति पुगेको छ । 'हामीकहाँ इन्जिनियरिङ तर्फको कोर्स पनि हुन्छ, यसको ल्याब पनि तल नै थियो । त्यहाँ भएको प्रोजेक्टर, ड्रोन, ल्याबका अरु सबै सामान डुब्यो', उनले भने ।

बिहीबारदेखि दशैं विदा छ र विद्यालय बन्द हुँदैछ । 'त्यो भन्दा अगाडि विद्यालय सफा गर्न खोज्दैछौं, धेरैको परीक्षा सकिएको र केहीको आज सकिने भएकोले पढाइ धेरै डिस्ट्रब हुन पाएन । नत्र दुई हप्ता पढाइ बिग्रन्थ्यो', साउदले भने । साउदका अनुसार विद्यालय पुरानै अवस्थामा आउन एक महिना मर्मतको काम गर्नुपर्ने देखिन्छ ।

त्रिपुरेश्वरस्थित विश्वनिकेतन माध्यमिक विद्यालयमा बाढीले क्षति पुऱ्याएपछि पठनपाठन बन्द भएको छ । कक्षा ३ सम्मका विद्यार्थीलाई त तिहारसम्म बिदा दिइएको छ । बागमती नदीमा आएको बाढी विद्यालयमा पस्दा भुइँतलामा रहेका फर्निचर, कम्प्युटर ल्याबका साथै महत्वपूर्ण कागजपत्र तथा शैक्षिक सामग्रीहरु नष्ट भएको छ । शिक्षक डिल्लीराम पौडेलका अनुसार ल्याबमा रहेका ३० थान ल्यापटप प्रयोग गर्नै नमिल्ने गरी बिग्रिएका छन् । डुबानमा परेर विद्यार्थी बोक्ने दुईवटा स्कुल बस बिग्रिएका छन् । बसको इन्जिनमा समस्या देखिएको छ । एक करोडभन्दा बढीको धनमाल क्षति भएको प्रारम्भिक अनुमान गरिएको उनले बताए । ललितपुरको महालक्ष्मी नगरपालिकास्थित विश्वामित्र गणेश माविको ल्याब र नर्स कक्ष पहिरोले भत्काएको छ । लामाटारको श्रृङ्गेरी माविमा शौचालय भवन भत्किएको छ भने विद्यालय भवनमा क्षति पुगेको छ । ललितपुर महानगरको बालकुमारी आधारभूत विद्यालय पनि पहिरो जोखिममा परेको छ । सुदेश स्कुल, नख्खु डुवानमा परेको छ भने ग्रेस एकेडेमीको भुइतला डुवानमा परेको थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

# चुच्चेखोलामा मात्र पाइने खुवा अब भीमफेदीको रानीखोलामा पनि

साझाकुरा संवाददाता

हेटौंडा, १६ असोज/ मकवानपुरको चुच्चेखोलामा मात्र पाईने दुधको परिकार खुवा अव मकवानपुरको भीमफेदी गाँउपालिकाको रानीखोलामा पनि पाइने भएको छ ।




भीमफेदी गाँउपालीकाको आर्थिक सहयोगमा स्थानिय विशाल घिमिरेले भीमफेदीमै एसके डेरी उद्योगको नाममा खुवा, पेडा र चक्लेट उत्पादन र बिक्रिवितरण सुरु गरेका हुन् । दैनिक हजारौं साना सवारी गुड्ने छोटो दुरीको हेटौंडा भीमफेदी कुलेखानी सडक खण्डामा गाँउपालिकाको समेत सहयोगमा नयाँ प्रकृतिको खुवा व्यावसाय सुरु हुँदा खुशी लागेको वताउँदै भीमफेदी गाँउपलिका अध्यक्ष हिदम लामाले धेरै उत्पादन विक्रि वितरणमा भन्दा पनि गुणस्तरीय र सफा उत्पादन र निरन्तर एकैप्रकारको स्वादमा उत्पादन गर्न आग्रह गरे ।

अध्यक्ष लामाले स्थानीय उत्पादन र प्रवर्द्धनका लागि युवा आए पालिका सवैप्रकारको सहयोग गर्न तयार रहेको बताउँदै बैदेशिक रोजगारमा भन्दा स्वरोजगार हुन युवालाई आह्वान गरे । भीमफेदी गाँउपलिका उपाध्यक्ष संजीव श्रेष्ठले पालिकाको आम्दानी बढाउन, स्थानीय उत्पादनको प्रयोग स्थानीयस्तरमै गर्न प्रोत्साहन गर्न तथा स्थानीयस्तरमा रोजगारको श्रृजना गर्न पालिकाले लघुउद्यमीलाई प्रोत्साहन गर्ने नीति लिएको वताए ।

भीमफेदी गाँउपालिकाको लघुउद्यम शाखाबाट एकलाख बराबरको आर्थिक सहयोग भएपछि पालिकाभित्रै उत्पादन भएको दुधलाई स्थानीयस्तरमै प्रयोगमा ल्याउँदा दुध उत्पादनमा समेत प्रोत्साहन हुने र वजारमा समयमा नै दुधको भुक्तानी नहुने समस्याले मारमा परेका किसानलाई साहत र स्वरोजगार हुनका लागि गाउँमै खुवा, पेडा र चक्लेट उत्पादन गर्न थालिएको उद्योगी घिमिरेले वताए ।

भीमफेदी गाँउपालिका-४ का अध्यक्ष सागर पाण्डेले आफ्नै वडामा भएको उद्योगको प्रवर्द्धनमा वडाले आवश्यक सहयोग गर्ने बताए । ४ नम्बर बडामा संचालित स्थानीय उत्पादन लोकल कुखुरा तथा लोकल खसीको मासु पसलको उद्घाटन पालिका उपाध्यक्ष श्रेष्ठ र बाढीपहिरो पीडित एवम् असहायका लागि लक्षित कपडा बैंकको उद्घाटन वडाअध्यक्ष पाण्डेले गरेका थिए । कार्यक्रममा भीमफेदी गाउँपालिका सदस्यहरु, वडासदस्यहरु, कार्यालयका लघुउद्यम शाखाका निरज भट्टराई, जिल्ला लघुउद्यम संघ समूह (डिमेघा)का मकवानपुर अध्यक्ष दीपेन्द्र रोक्का लगायतको उपस्थिति रहेको थियो ।

# मदन भण्डारी प्रतिष्ठान ऐन संशोधन गर्ने प्रदेश सरकारको निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, १६ असोज/ बागमती प्रदेश सरकारले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनसम्बन्धी ऐन संशोधनको तयारी गरेको छ । बुधवार बिहान हेटौंडामा बसेको मन्त्रिपरिषद् बैठकले ऐन संशोधन गर्ने निर्णय गरेको हो ।

मन्त्रिपरिषद्को बैठकले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन-२०७६ को चारवटा बुँदा संशोधन गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले बताए । 'मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हालसम्म सामाजिक विकास मन्त्रालय मातहत रहेको छ । अब कानुन संशोधन गरी स्वास्थ्य मन्त्रालयलाई अधिकार हस्तान्तरण गर्न लागिएको हो,' उनले भने ।

बागमती प्रदेश सरकारले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको रिक्त उपकुलपति पदमा पाल्पाका डा. प्रदीप ज्ञवालीलाई नियुक्त गरेको छ । बुधबार बिहान हेटौंडामा बसेको मन्त्रिपरिषद् बैठकले पाल्पाका ज्ञवालीलाई उपकुलपतिमा नियुक्त गर्ने निर्णय गरेको हो । उपकुलपतिका लागि डा. सुरज मानन्धर र डा. हरिबहादुर खड्काको नाम पनि सिफारिस भएको थियो ।

प्रदेशमा रिक्त रहेको कर्मचारी दरबन्दीमध्ये ५ जना सचिव संघीय सरकारबाट प्रदेशमा हाजिर भएको र उनीहरुको जिम्मेवारी तोक्ने निर्णय मन्त्रिपरिषद्को बैठकले गरेको छ । प्रदेशमा हाल वन तथा वातावरण, जलस्रोत तथा सिँचाइ, पर्यटन मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग र मुख्यमन्त्री कार्यालयमा प्रशासनतर्फ सचिव पद रिक्त रहेका छन् । बैठकले स्वास्थ्य मन्त्रालयअन्तर्गतका ११ औं तहका चारजना कर्मचारीको जिम्मेवारी हेर फेर गर्ने निर्णय गरेको मन्त्री लामिछानेले जानकारी दिए ।

बैठकले युवा तथा खेलकुद मन्त्रालयले संविधान दिवसको दिनमा अन्तर्राष्ट्रिय खेलमा पदक जित्न सफल खेलाडी, प्रशिक्षक, व्यवस्थापक र संघलाई उपलब्ध गराउने घोषणा गरेको पुरस्कार रकम निकासा गर्ने निर्णय गरेको उनले जानकारी दिए । मन्त्री लामिछानेका अनुसार तत्काल पुरस्कारबापतको रकम उपलब्ध गराउन प्रदेश खेलकुद विकास परिषद्लाई २३ लाख रुपैयाँ उपलब्ध गराइने निर्णय भएको छ ।

# प्रदेशप्रमुखद्वारा बर्खे अधिवेशनको अन्त्य

साझाकुरा संवाददाता

हेटौंडा, १६ असोज/ बागमती प्रदेश सरकारको सिफारिसमा प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले प्रदेशसभाको जारी वर्खे अधिवेशन अन्त्य गरेका छन् ।

प्रदेशप्रमुख देवकोटाले बुधबार राति १२ बजेदेखि लागू हुने गरी अधिवेशन बैठक अन्त्य गरेका हुन् । बागमती प्रदेशको मन्त्रिपरिषद्को बैठकले नेपालको संविधानको धारा १८३ को उपधारा २ बमोजिम चालु अधिवेशन अन्त्य गर्न प्रदेश प्रमुख देवकोटासमक्ष सिफारिस गरेको थियो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् बैठकको सिफारिसमा प्रदेशप्रमुखले प्रदेशसभाको अधिवेशन आह्वान र अन्त्य गर्ने संविधानमा व्यवस्था रहेको छ । सोही व्यवस्थाअनुरुप उनले अधिवेशन अन्त्य गरेका हुन् । बागमती प्रदेशको प्रदेशसभाको चौथो अधिवेशन गत वैशाख १ गतेबाट सुरु भएको थियो ।


## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली,
नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा
सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक,
सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा
सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

**नबोदय शिशु सदन मा.वि., परिवार**
**हेटौंडा, मकवानपुर**


# कुलेखानी-फाखेल सडक तत्काल सञ्चालनमा ल्याउन धामधम काम

साझाकुरा संवाददाता

हेटौंडा, १६ असोज/ बागमती प्रदेशको सदरमुकाम हेटौंडा र संघीय राजधानी काठमाडौं जोड्ने छोटो दूरीको भीमफेदी-कुलेखानी-फाखेल सडक दुई दिनभित्रमा सञ्चालनमा ल्याउने गरी काम भइरहेको छ ।

बाढीले क्षतिग्रस्त सडकबाट दशैंअगावै यात्रुलाई सहज आवतजावत गर्नका लागि बागमती प्रदेश सरकारले धमाधम काम गरिरहेको हो । असोज ११ र १२ गतेको अविरल वर्षाको कारण छोटो दूरीका भीमफेदी-कुलेखानी-फाखेल र भीमफेदी-कुलेखानी-सिस्नेरी सडक मार्गको विभिन्न स्थानमा गएको पहिरो र सडक तथा पुल क्षेत्रमा भएको कटानका कारण अवरुद्ध रहेको छ ।

अहिले भीमफेदी-कुलेखानी-फाखेल सडक सञ्चालनका लागि प्रदेश सरकार र स्थानीय प्रशासन युद्धस्तरमा जुटेका छन् । भीमफेदी-फाखेल सडक खण्डको कुलेखानी डयाम मुनि रहेको पुलको दुवैतर्फको पहुँचमार्ग क्षतिग्रस्त बनेको छ । पुलको पहुँचमार्गमा एकातिर करिब १५ मिटर र अर्कोतर्फ १० मिटर बगाएको छ भने करिब १५ मिटर गहिरो बनाएको छ । पहुँचमार्गलाई मर्मत गरी सञ्चालनमा ल्याउन बुधबार बिहानदेखि नेपाली सेना, जनपद र सशस्त्र प्रहरीको जनशक्ति परिचालन गरिएको छ ।

यातायात पूर्वाधार निर्देशनालयको स्रोत र साधनको प्रयोग गरी तीव्ररुपमा मर्मतकार्य अगाडि बढाइएको छ । बिहीबार बेलुकासम्ममा भीमफेदी-कुलेखानी-फाखेल-हुमानेसम्मको सडक सञ्चालनमा ल्याउने जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलवालले बताए । हुमाने सडक खण्डको महालक्ष्मी पुलक्षेत्रमा भएको क्षतिग्रस्त सडकको मर्मतकार्य भइरहेको र बिहीबार बेलुकासम्ममा सकिने प्रजिअ चिलवालले बताए ।

# भैरवडाँडामा रेड टाइगर रिसोर्ट सञ्चालनको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, १६ असोज/ हेटौंडा उपमहानगरपालिका-१ भैरव डाँडामा हेटौंडा रेड टाइगर रिसोर्ट संचालनमा आउने भएको छ । भरतपुर महानगरपालिका-५ का शम्शेर बहादुर अधिकारीले रिसोर्ट सञ्चालनमा ल्याउन लागेका हुन् ।

अहिले १३ कठ्ठा क्षेत्रफलमा रिसोर्टको निर्माणको काम धमाधम भइरहेको छ । चाँढै निर्माण सम्पन्न गरी अधिकारीकरुपमा सञ्चालनमा ल्याउने अधिकारीले बताए । उनकाअनुसार रिसोर्टमा निर्मालदेखि लक्जरियस कोठाहरु रहेका छन् भने बार, रेष्टुरेन्ट, डायनिङ रेष्टुरेन्ट, कार्यक्रम सञ्चालन हल, स्वीमिङ पुल, बालउद्यान लगायत रहेका छन् ।

साहाकारी र मांसाहरीको पाहुनाका लागि चाहिने भान्छाका सम्पूर्ण सामग्री रिसोर्टमै उत्पादन गरी लोकल तथा अर्गानिक स्वाद पस्कने उनले बताए । म्याथम्याटिक्समा डिग्री अनि शिक्षण पेशा, त्यो पनि सरकारी छाडेर दुई दशक जापानमा कमाएको पैसामा ऋणधन गरेर रिसोर्ट खेल्न लागेको अधिकारीले बताए ।






# तरुण दलको महाधिवेशन गराउन 'डीना'को संयोजकत्वमा निर्देशन समिति

साझाकुरा संवाददाता

हेटौंडा, १६ असोज/ नेपाली कांग्रेसको भ्रातृ संस्थाहरुको महाधिवेशन सम्पन्न गराउन महाधिवेशन केन्द्रीय निर्देशन समिति गठन गरिएको छ । कांग्रेस सभापति शेरबहादुर देउवाले चैत २०८१ भित्र अनिवार्य रुपमा महाधिवेशन गराउन निर्देशन समिति गठन गरेका हुन् ।

कांग्रेस केन्द्रीय कार्यसमितिको निर्णयबमोजिम पार्टी भ्रातृसंस्था नेपाल तरुण दल, नेपाल महिला संघ र नेपाल विद्यार्थी संघको महाधिवेशन २०८१ चैत मसान्सम्ममा अनिवार्य रुपमा सम्पन्न गर्न गराउन केन्द्रीय निर्देशन समिति गठन गरेको कार्यबाहक मुख्यसचिव डा. प्रदीप पराजुलीले जानकारी दिए । समितिले विद्यमान तदर्थ समितिलाई समन्वय र सहयोग पुऱ्याई आवश्यक निर्देशन गर्नेछ ।

कांग्रेसले पार्टी सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डीना'को संयोजकत्वमा नेपाल तरुण दलको महाधिवेशन गराउन निर्देशन समिति गठन गरिएको छ । डीनाको संयोजकत्वमा रहेको समितिमा पार्टी केन्द्रीय सदस्य सरिता प्रसाईं र अर्का केन्द्रीय सदस्य जीतजंग बस्नेत सदस्य रहेका छन् ।

यसैगरी, नेपाल महिला संघको महाधिवेशन निर्देशन समितिको संयोजकमा अर्का सहमहामन्त्री उमाकान्त चौधरी, सदस्यमा केन्द्रीय सदस्य पुष्पा भुसाल र केन्द्रीय सदस्य रुक्मिणी कोइराला छिन् ।


## व्यक्तिगत घटना दर्ता गरौं

घटना घटेको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा गई
नि:शुल्क घटना दर्ता गरौं ।

**घटना दर्ता कसले गर्ने**

- जन्म तथा मृत्युको दर्ता परिवारको मुख्य व्यक्तिले
- विवाह तथा सम्बन्ध विच्छेद घटना पति पत्नी दुवैले
- बसाई सराईकों घटना परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सरी जने व्यक्तिले ।

**समाज र राष्ट्रलाई हुने फाइदा**

- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्न मद्धत मिल्ने ।
- शिक्षा, स्वास्थ्य तथा खानेपानी सेवा उपलब्ध गराउन मद्दत मिल्ने ।
- खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग हुने ।
- आवासको व्यवस्था गर्न सहयोग हुने ।

**व्यक्तिलाई हुने फाइदा**

- घटना दर्ताको प्रमाणलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा, बाबु, उमेर आदिको वैधानिक प्रमाण हुने ।
- स्कूलमा भर्ना हुनको लागि सजिलो पर्ने नागरिकाता प्रमाणपत्र लिन सहज हुने ।
- नाता कायम गर्न सहज हुने ।
- चल अचल सम्पत्ति नामसारी गर्न सजिलो हुने ।
- पति पत्नि् बिच वैधानिक सम्बन्ध कायम हुने ।
- जीवन बिमा, पेन्सन, उत्पदान वा बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्न सुविधा हुने आदी ।

**हेटौंडा उपमहानगरपालिकाको कार्यालय**
**हेटौंडा, मकवानपुर**







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना